# अनौपचारिक शिक्षा : भावी दिशा र यसको स्वरूप

दिनानाथ गौतम
उपनिर्देशक, अनौपचारिक शिक्षा केन्द्र, सानेठिमी भक्तपुर

## लेखसार

"सिकाइ कुनै प्रकारको शिक्षणको परिणाम हो र शिक्षणले स्वतः सिकाइ हुन्छ" भन्ने धारणा राखीन्छ तर वास्तविकतामा सबै सिकाइ शिक्षणकै उपज हुँदैनन् भने सबै शिक्षणको परिणाम सिकाइ हुँदैन। निर्माणवादी सिद्धान्तकार (*constructivist*) हरूको दृष्टिकोणमा हरेक व्यक्तिले साक्षरता बारेको अवधारणा व्यक्तिगत तहमा निर्माण गर्छ। उक्त अवधारणा सामाजिक अन्तरक्रियाबाट उब्जेको हुन्छ र सामाजिक साँस्कृतिक पहिचान, मूल्य, मान्यता र विश्वासले यसलाई मध्यस्थता गरिरहेको हुन्छ। प्राचीन कालमा मान्यजन कचहरी, धार्मिक सभा, गुरूकुल शिक्षा जस्ता प्रथाले मौखिक साक्षरताको परम्पराको रूपमा स्थापित साक्षरता शिक्षा विभिन्न चरणहरू पार गर्दै निरक्षरता उन्मूलन वर्षका रूपमा आइपुगेको छ। नेपाल सरकारले आ.व. २०७१/०७२ लाई "निरक्षरता उन्मूलन वर्ष"का रूपमा घोषणा गरेको छ। विगत ३ वर्षदेखि नेपालबाट निरक्षरता उन्मूलन गर्ने उद्देश्यका साथ सञ्चालनमा रहेको साक्षर नेपाल अभियानको अन्त्य मात्र होइन देशबाट निरक्षरताको समेत अन्त्य हुँदैछ। यस प्रकारले एउटा अवस्थाको पटाक्षेप हुने र अर्को अवस्था (*paradigm shift*) तर्फ उन्मुख हुन लागेको छ। वि. सं. २०६७ सालमा सङ्कलित घरधुरी सर्वेक्षणको विवरणले १५ वर्ष र सोभन्दा माथिका निरक्षरहरूको सङ्ख्या ५१,७३,९७९ रहेको देखाएको छ जसमध्ये महिलाको सङ्ख्या ३४,३५,३३६ र पुरूषको सङ्ख्या १७,३८,६४३ देखिन्छ। आ. व. २०६७/०६८ देखि २०७०/७१ सम्म सञ्चालन भएको साक्षरता कार्यक्रमबाट ३३,७५,६०७ जना निरक्षरहरू साक्षर भएका छन् भने आ. व. २०६६/०६७ देखिको प्रगति हेर्ने हो भने हालसम्म ६१,७८,३१० जना निरक्षर साक्षर भएका छन्।(अनौपचारिक शिक्षा केन्द्र ,२०७२)

विद्यालय नटेकेका प्रौढ निरक्षर, विद्यालय बाहिर रहेका र विद्यालय छाडेका बालबालिका तथा युवा समेत सबैलाई निरन्तर /साक्षरोत्तर शिक्षामा समेट्नुपर्ने अवस्था छ। वैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका लक्षित वर्ग विद्यालय छोडेका र कहिल्यै विद्यालयमा पाइलो नटेकेका बालबालिकाहरू हुन्। कमजोर आर्थिक अवस्था, काम गरेर जीवन निर्वाह गर्नु पर्ने र कठिन परिस्थितिमा जीवन गुजार्नु पर्ने बालबालिकाहरूसम्म वैकल्पिक शैक्षिक कार्यक्रमका सम्बन्धमा सूचना पुऱ्याउनु र उनीहरूलाई समेटेर शैक्षिक कार्यक्रममा समावेश गर्नु चुनौतीपूर्ण रहेको छ। त्यसै गरी सिकारूको सिकाइ उपलब्धिको मूल्याङ्कन पद्धति पनि औपचारिक प्रकारको रहेको छ। यसलाई कार्यदक्षतासँग सम्बन्धित गरेर सिकाइ मूल्याङ्कन गर्ने गरिएको छैन। शिक्षण सिकाइ र मूल्याङ्कन पद्धतिका कारण नतिजा पनि अपेक्षित रूपमा प्राप्त हुन सकेको पाइदैन। यसर्थ सामयिक रूपले मूल्याङ्कन ढाँचा र आधारहरू विकास गरी कार्यान्वयनमा ल्याउनु आवश्यक देखिन्छ।

## १. विषय प्रवेश

सिकाइ कहिल्यै बूढो हुँदैन (learning is never old) भन्ने मान्यता अनुरूप सिकाइ जीवनपर्यन्त चलिरहने प्रक्रिया हो (learning is never ending process) । यसर्थ जीवनपर्यन्त सिकाइले जीवनभर सिकाइको काम चलिरहन्छ भन्ने बुझाउँछ । यसको अर्थ सिकाइ प्रकियाको अन्त कहिले हुँदैन (John Dewey) । जीवनपर्यन्त सिकाइ शिक्षार्थीको माग र चाहनामा केन्द्रित हुन्छ । व्यक्तिको आवश्यकता बढ्दै वा परिवर्तन हुँदै जाने क्रममा सिकाइको आवश्यकता पनि बढ्ने वा परिवर्तन हुने क्रम पनि चलिरहेकै हुन्छ । तर नयाँ ज्ञान एवम् सिप सिक्नका निम्ति आवश्यकताअनुरूप विभिन्न उपाय, स्रोत, साधन र विज्ञताको परिचालन जरुरी हुन्छ । विविध स्रोत तथा साधनहरू परिचालन गर्ने क्षमताको प्रमुख स्रोत साक्षरता हो । तसर्थ साक्षरता (पढ्न, लेख्न र पढेका कुरा बुझ्न एवम् उपयोग गर्न जान्नु) जीवनपर्यन्त सिकाइको जग हो र एक अनिवार्य सिप हो ।

साधारणतया 'सिकाइ कुनै प्रकारको शिक्षणको परिणाम हो र शिक्षणले स्वतः सिकाइ हुन्छ' भन्ने धारणा राखीन्छ तर वास्तविकतामा सबै सिकाइ शिक्षणकै उपज हुँदैनन् भने सबै शिक्षणको परिणाम सिकाइ हुँदैन । शिक्षकले पढाउँदै मा सबै विद्यार्थीहरूले सिकिरहेका हुँदैनन् । सिकाइ जीवित र चलायमान प्रक्रिया हो र यो सर्वव्यापी हुन्छ । सिकाइ व्यक्तिगत प्रयास र प्रक्रियाहरूबाट जतासुकै जहिले पनि हुन सक्छ र भइरहेकै हुन्छ । तसर्थ विद्यालय उमेर र सिकाइ उमेर समकक्षी होइनन् । जीवनपर्यन्त सिकाइ र प्रौढ शिक्षा पनि समकक्षी होइनन् । (Torres, सन् २०११)।

अरीतिक शिक्षा मार्फत हुने सिकाइ, सिकिने सिपलाई विद्यमान प्रौढ वा अनौपचारिक शिक्षा भित्र समाहित गर्दै विकसित गर्दै लैजाने उपायहरू अवलम्बन गर्नु पर्छ । तब मात्र जीवनपर्यन्त सिकाइ स्थानीयकरण हुन्छ र सम्भावनायुक्त पारम्परिक ज्ञान एवम् सिपहरूलाई आधुनिकीकरण गर्न सकिन्छ । तिनैलाई आय आर्जनसँग गाँस्न सकिन्छ । यसरी नै शिक्षाले दिगो विकासको लागि पनि सहयोग पुऱ्याउँछ । तर शिक्षाका विभिन्न मार्गहरू मार्फत सिकेका ज्ञान तथा सिपहरूलाई प्रमाणीकरण गरिने व्यवस्था भने हुनु जरुरी हुन्छ ।

निर्माणवादी सिद्धान्तकार (constructivist) हरूको दृष्टिकोणमा हरेक व्यक्तिले साक्षरता बारेको अवधारणा व्यक्तिगत तहमा निर्माण गर्छ । उक्त अवधारणा सामाजिक अन्तरक्रियाबाट उब्जेको हुन्छ र सामाजिक सांस्कृतिक पहिचान, मूल्य, मान्यता र विश्वासले यसलाई मध्यस्थता गरिरहेको हुन्छ । नेपालमा केही प्रौढ महिलाहरूले नयाँ गोरेटो पढ्न अस्वीकार गर्दै टेलिफोन चलाउनका निम्ति भनेर अङ्ग्रेजी अङ्क र अक्षर सिक्न खोज्नु यसको उदाहरण हो । यो उदाहरणले बतायोकि व्यक्तिको सिकाइ आवश्यकता र चाहना विविध हुन्छन्, यसमा उमेरको सीमा हुँदैन ।

साक्षरता सिपको विविध तह र प्रकार हुन्छन् जस्तै प्राथमिक तहको साक्षरता सिप र स्नातकोत्तर तहको निम्ति आवश्यक साक्षरता सिप फरक हुन्छन् । अर्थात् जति जति शैक्षिक तह बढ्दै जान्छ त्यति त्यति जटिल प्राज्ञिक साक्षरता सिपको आवश्यकता पर्दछ । वर्तमान समयमा सिकाइका निम्ति अन्य सिपहरू

पनि जरुरी हुँदै गएका छन् । जस्तै कम्प्युटर वा सूचना प्रविधि प्रयोग सम्बन्धी सिप । विविध जानकारी तथा सूचनाहरू प्राप्त गर्न कम्प्युटर सम्बन्धी साक्षरता सिप हासिल गर्नु जरुरी छ किनकि छापा र शिक्षकबाट सम्पूर्ण आवश्यक जानकारी/सूचना प्राप्त गर्न सकिँदैन । कागजको प्रयोग कम गरेर वन जङ्गल वातावरण जोगाऔँ भन्ने नाराका साथ अब कति सङ्घ संस्थाले जानकारी/सूचना विद्युतीय माध्यम (internet) बाटमात्र उपलब्ध गराउने चलन पनि चलाइसके । तर यो चलनसँग अभ्यस्त हुन र यसबाट फाइदा लिनका लागि कम्प्युटर-साक्षर हुनुपर्छ । अर्थात् अब पढ्ने लेख्ने सिपका साथै कम्प्युटर चलाउने सिप आवश्यकता बढ्दै गएको छ । (Acharya, 2014) अर्थात् जीवनपर्यन्त शिक्षामा शैक्षिक प्रविधिको प्रयोग जरुरी भएको छ ।

प्राचीन कालमा मान्यजन कचहरी, धार्मिक सभा, गुरुकुल शिक्षा जस्ता प्रथाले मौखिक साक्षरताको परम्पराको रूपमा स्थापित साक्षरता शिक्षा विभिन्न चरणहरू पार गर्दै निरक्षरता उन्मूलन वर्षका रूपमा आइपुगेको छ । नेपाल सरकारले आ.व. २०७१/०७२ लाई 'निरक्षरता उन्मूलन वर्ष' का रूपमा घोषणा गरेको छ । विगत ३ वर्षदेखि नेपालबाट निरक्षरता उन्मूलन गर्ने उद्देश्यका साथ सञ्चालनमा रहेको साक्षर नेपाल अभियानको अन्त्य मात्र होइन देशबाट निरक्षरताको समेत अन्त्य हुँदैछ । यस प्रकारले एउटा अवस्थाको पटाक्षेप हुने र अर्को अवस्था (paradigm shift) तर्फ उन्मुख हुन लागेको छ ।

साक्षरता अभियानको अन्त्यसँगै आधारभूत साक्षरता सिप सिकेका नवसाक्षरहरूको सिकाइ र उनीहरूको सिकाइ आवश्यकतालाई निरन्तरता दिनका लागि आधारभूत साक्षरता शिक्षाभन्दा उच्च तहको अनौपचारिक शिक्षा प्रदान गर्नुपर्ने अवस्था आएको छ । विश्व परिवेशमा सबैका लागि शिक्षाको अभियान अन्त्यको सँगसँगै नयाँ चरणको प्रवेशका लागि अनौपचारिक शिक्षाका क्षेत्रमा नयाँ बहसको थालनी भएको छ ।

## २. ऐतिहासिक पृष्ठभूमि

प्राचीन कालमा मान्यजन कचहरी, धार्मिक सभा, गुरुकुल शिक्षा जस्ता प्रथाले मौखिक साक्षरताको परम्परा स्थापित गरे भने वि.सं २००४ सालमा आधार शिक्षाको थालनीसँगै लेख्य साक्षरता शिक्षाको औपचारिक प्रारम्भ भएको हो । पञ्चवर्षीय योजना वि.सं. २०१३ देखि योजनाबद्ध रूपमा प्रौढ साक्षरता कार्यक्रम सञ्चालन भएको हो । साक्षरता शिक्षालाई जीवन पद्धतिसँग आबद्ध गर्न वि.सं. २०२२ सालदेखि कार्यमूलक साक्षरतालाई समावेश गरियो । विं. सं.२०३७ सालदेखि शिक्षा मन्त्रालयमा प्रौढ शिक्षा शाखा स्थापना भएपछि साक्षरता शिक्षालाई संस्थागत संरचनामार्फत विस्तार गरियो । वि.सं. २००७ मा २ प्रतिशतको हाराहारीमा रहेको साक्षरता दर विगत छ दसकभन्दा बढीको अवधिमा भएका शैक्षिक प्रयासहरूले वि.सं. २०६८ सालसम्म आइपुग्दा साक्षरता प्रतिशत ६५.९ पुगेको छ । (जनगणना, २०६८ के.त.वि)

वि. सं. २०४५ सालमा सुर्खेतबाट सुरु भएको यो अभियान वि. सं. २०६५ सालसम्म कार्यक्रमका रूपमा निरन्तर रूपमा सञ्चालन भइरह्यो । आ. व. २०६५/०६६ देखि पुनः अभियानका रूपमा

साक्षरता कार्यक्रमलाई देशव्यापी बनाइयो । निरक्षरहरूको वास्तविक सङ्ख्या एकीन नभई साक्षरता कार्यक्रमको वास्तविक निरक्षर केन्द्रित गर्न नसकिने सत्यलाई आत्मसात् गरी आ.व. २०६७/०६८ मा प्रत्येक गाविस र नगरपालिकाको हकमा वडाभित्र भएका उच्चतम् कक्षा सञ्चालित विद्यालयको संयोजकत्वमा शिक्षक, विद्यार्थी र सामुदायिक अध्ययन केन्द्र परिचालन गरी घरधुरी सर्वेक्षणका माध्यमद्वारा निरक्षरहरूको विवरण सङ्कलन गरियो । वि. सं. २०६७ सालमा सङ्कलित उक्त घरधुरी सर्वेक्षणको विवरणले १५ वर्ष र सोभन्दा माथिका निरक्षरहरूको सङ्ख्या ५१,७३,९७९ रहेको देखाएको छ जसमध्ये महिलाको सङ्ख्या ३४,३५,३३६ र पुरूषको सङ्ख्या १७,३८,६४३ देखिन्छ । परिणामस्वरूप आ. व. २०६७/०६८ देखि २०७०/७१ सम्म सञ्चालन भएको साक्षरता कार्यक्रमबाट ३३,७५,६०७ जना निरक्षरहरू साक्षर भएका छन् भने आ. व. २०६६/०६७ देखिको प्रगति हेर्ने हो भने हालसम्म ६१,७८,३१० जना निरक्षर साक्षर भएका छन् । (प्रगति प्रतिवेदन, २०७१ अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर)

## ३. मौजुदा नीतिगत व्यवस्था

नेपाल सरकारले सबैका लागि शिक्षा सम्बन्धी विश्व मञ्चमा सन् २०१५ भित्र सबै निरक्षर प्रौढहरूलाई साक्षर गराउने प्रतिबद्धता जाहेर गरिसकेको छ । त्यसै गरी नेपालको अन्तरिम संविधान, २०६३ ले आधारभूत शिक्षा प्राप्तिलाई नागरिकको मौलिक अधिकारका रूपमा स्वीकार गरेको छ । तेरौं योजनाले साक्षर नेपाल अभियान कार्यक्रम, खुला शिक्षा तथा दूर सिकाइ, गृहिणी शिक्षा, किसान, मजदुर तथा विपन्न समुदाय लक्षित शैक्षिक कार्यक्रमहरू जस्ता वैकल्पिक शैक्षिक कार्यक्रमहरू सञ्चालन एवं विस्तार गर्ने उल्लेख गरेको छ । साथै उक्त योजनाले निरन्तर शिक्षा, प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने, वैकल्पिक शैक्षिक कार्यक्रम र औपचारिक शिक्षाका कार्यक्रमबिच सहसम्बन्ध स्थापना गर्ने, वैकल्पिक शिक्षा तथा खुला शिक्षा प्रदायक विद्यालयहरूको क्षमता विकास गर्ने, शैक्षिक उपलब्धि कमजोर रहेका समुदाय, दलित, लोपोन्मुख जनजाति, महिलावर्ग लक्षित सिप विकासका लागि साक्षरता कार्यक्रम र नव साक्षरहरूलाई निरन्तर शिक्षा लगायत आयआर्जन कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख गरेको छ ।

त्यसै गरी अनौपचारिक शिक्षा नीति, २०६३ को कार्यनीतिमा विभिन्न तहका शैक्षिक क्षमता र सिप भएका व्यक्तिहरूलाई निरन्तर शिक्षा प्राप्त गर्ने अवसर दिलाइने उल्लेख गरिएको छ । त्यसका लागि गैर सरकारी संस्था, शैक्षिक संस्था र सामुदायिक अध्ययन केन्द्रहरूले विभिन्न तहका शैक्षिक क्षमता भएका व्यक्तिहरूका निम्ति निरन्तर शिक्षाको प्रबन्ध गर्ने व्यवस्था गरेको छ ।

उल्लिखित नीतिगत व्यवस्थाहरू र साक्षर नेपाल अभियानको अवधारणा पत्रले समेत आधारभूत साक्षरता शिक्षा प्राप्त गर्ने नवसाक्षरहरूले सिकेका साक्षरता सिपको निरन्तरताका लागि साक्षरोत्तर र निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने उल्लेख गरेको छ । अनौपचारिक शिक्षा नीति (२०६३) ले उच्च शिक्षा समेत अनौपचारिक शिक्षा पद्दतिबाट प्रदान गर्ने व्यवस्था उल्लेख गरेको छ । नेपाल सरकारले आ.व. २०७१/०७२ लाई 'निरक्षरता उन्मूलन वर्ष' भनी घोषणा समेत गरेको छ । (नेपाल सरकारको बजेट वक्तव्य, आ.व. २०७१/०७२, अर्थ मन्त्रालय)

## ४. वर्तमान अवस्था र उपलब्धि

अनौपचारिक शिक्षाको सङ्गठनात्मक संरचनालाई हेर्दा केन्द्रमा अनौपचारिक शिक्षा केन्द्र, क्षेत्रीय शिक्षा निर्देशनालयमा अनौपचारिक शिक्षा शाखा, जिल्ला शिक्षा कार्यालयमा अनौपचारिक शिक्षा शाखा, स्रोत केन्द्र र विद्यालयहरू रहेका छन् । अनौपचारिक शिक्षाका कार्यक्रमहरू साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा, समकक्षी वैकल्पिक शिक्षा कार्यक्रम, सामुदायिक अध्ययन केन्द्र, आयआर्जन कार्यक्रम सञ्चालित छन् ।

औपचारिक शिक्षाको अवसर नपाएका विद्यालय उमेर समूहका बालबालिकाहरूका लागि शिक्षाको अवसर प्रदान गर्नका लागि अनौपचारिक प्राथमिक विद्यालय शिक्षा कार्यक्रम सञ्चालनमा रहेका छन् । पन्ध्र वर्षभन्दा माथिका उमेर समूहका प्रौढहरूका लागि अनौपचारिक प्रौढ विद्यालयहरू सञ्चालनमा रहेका छन् । हाल वैकल्पिक प्राथमिक विद्यालयहरू (flexible schooling program) ३३३ ओटा रहेका छन् । त्यसैगरी विद्यालय शिक्षाबाट बाहिरिएका बालबालिकाहरू औपचारिक विद्यालयको प्राथमिक तह पुरा गरी निम्न माध्यमिक तहमा भर्ना भई ३७ ओटा निम्न माध्यमिक तहका खुला विद्यालयमार्फत अध्ययन गर्ने अवसर पाएका छन् । यसै गरी शैक्षिक जनशक्ति विकास केन्द्रले माध्यमिक तहको ८५ ओटा खुला विद्यालय कार्यक्रम सञ्चालन गरेको छ ।

अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नका लागि स्थापना गरिएका सामुदायिक अध्ययन केन्द्रहरूको सङ्ख्या २१५७ पुगेको छ । यी सामुदायिक अध्ययन केन्द्र मार्फत साक्षरोत्तर शिक्षामा सहभागी भएका नवसाक्षर महिलाहरूलाई समावेश गरी आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । हालसम्म साक्षरता कार्यक्रमबाट ६१,७८,३१० जना निरक्षर साक्षर भएका र आ.व. ०७१/०७२ मा १७,४५,३३४ जनालाई साक्षर गराउने लक्ष्य रहेको छ । (अनौपचारिक शिक्षा तथा साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७१ अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर)

## समस्या र चुनौती

अनौपचारिक शिक्षाका सन्दर्भमा भएका र आउन सक्ने सम्भावित समस्या तथा चुनौतीहरूलाई यस प्रकार उल्लेख गर्न सकिने छ :

### (१) निरन्तर/साक्षरोत्तर शिक्षा

निरक्षरहरू कठिन भौगोलिक भूबनौट रहेका दुर्गम गाउँ, सहरका बस्ती, कारखानाका वरपर बढी रहेको पाइन्छ । ती स्थानहरूमा घर घरमा नाति नातिना खेलाएर बस्ने हजुरआमा, हजुरबा, खेतवारीमा काम गर्ने कृषक, गाईवस्तु, भेडा बाख्रा, चौरी, घोडा चराउने चरुवाहरू, कलकारखानामा काम गर्ने मजदूरहरू, भारी बोक्ने भरियाहरू र होटल मजदूरहरू बढी निरक्षर रहेको पाइन्छ । विद्यालय नटेकेका प्रौढ निरक्षर, विद्यालय बाहिर रहेका र विद्यालय छाडेका बालबालिका तथा युवा समेत सबैलाई निरन्तर/साक्षरोत्तर शिक्षामा समेट्नुपर्ने अवस्था छ ।

पाठ्यक्रमले तोकिएका सिकाइ उपलब्धि प्राप्त हुने र त्यसलाई व्यवहारमा प्रयोगमा ल्याउने गरी सिकारुलाई सिकाइ उपलब्धि हासिल गर्नु र उही तहका औपचारिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूले प्राप्त गर्ने बराबरको सिकाइ उपलब्धि प्राप्त हुने गरी शिक्षा प्रदान गर्ने गुणस्तर कायम गर्नु अर्को चुनौती रहेको छ । विद्यालय नटेकेका प्रौढ निरक्षर, विद्यालय बाहिर रहेका र विद्यालय छाडेका बालबालिका तथा युवा समेत सबैलाई निरन्तर/साक्षरोत्तर शिक्षामा समेट्नु पर्ने अवस्था एकातिर छ भने अर्कोतिर तिनीहरूलाई निरन्तर/साक्षरोत्तर शिक्षाका कक्षामा कसरी टिकाउने चुनौती रहेको छ ।

निरन्तर/साक्षरोत्तर शिक्षाका कार्यक्रम सरकार एक्लैले मात्र सञ्चालन गरेर मात्र पुग्दैन । यसका लागि निजी क्षेत्र, सामाजिक तथा गैर सरकारी सङ्घ संस्थासँग साझेदारी र समन्वय गर्नु जरुरी छ ।

हाल साक्षरताका लागि प्रयोग भएको पाठ्यक्रममा दैनिक जीवन र व्यवहारिक समस्याहरूसँग सम्बन्धित ज्ञान र सिपका विषय वस्तुहरूको अंश न्यून रहेको छ । त्यसै गरी सिकारुका लागि आवश्यक र विश्व बजारमा बिक्न आवश्यक ज्ञान र सिप भएका विषय वस्तु समावेश भएको पाठ्यक्रम, पाठ्य सामग्री र सन्दर्भ सामगीको अभाव रहेको छ । हाल देशका प्रायजसो मानिसको हातमा मोवाइल फोन पुगेको अवस्था छ भने घर घरमा रेडियो, टेलिभिजन र कम्प्युटर समेत पुगेको अवस्था छ । यस्तो अवस्थामा पनि अनौपचारिक शिक्षाका पाठ्यक्रम र पठन सामग्रीमा सूचना प्रविधिको प्रयोग प्रायः शून्य अवस्थामा रहेको छ ।

सामुदायिक अध्ययन केन्द्रले कार्य सम्पादन राम्रोसँग नगरेका कारण स्थापना भएर पनि सामुदायिक अध्ययन केन्दहरू पहिचानको समस्यामा रहेका छन् । सामुदायिक अध्ययन केन्द्रमा कार्यरत जनशक्तिलाई पर्याप्त आर्थिक स्रोतको अभावमा सशक्तीकरण गरी  सक्षमता अभिवृद्धि गर्न सकिएको छैन । सामुदायिक अध्ययन केन्द्र सरकार एक्लैले मात्र सञ्चालन र व्यवस्थापन गरेर पुग्दैन । यसका लागि निजी क्षेत्र, सामाजिक तथा गैर सरकारी सङ्घ संस्थासँग साझेदारी र समन्वय गर्नु जरुरी छ  तर यो कार्य त्यति प्रभावकारी हुन सकेको छैन । देशभर समानुपातिक रूपमा स्थापना हुन सकेका छैनन् ।

आय आर्जन कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न सक्षम जनशक्ति आवश्यक पर्छ । हाल सक्षम जनशक्ति नभएका कारण आय आर्जन कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न सकिएको छैन । आय आर्जन कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न जिल्ला स्थित बालबालिका तथा महिला विकास कार्यालय, कृषि विकास कार्यालय र पशु विकास कार्यालयहरूसँग समन्वय र सहकार्य गर्न सकिएको छैन । आय आर्जन कार्यक्रमको चेतना र जानकारी सेवाग्राहीमा पुऱ्याउन सकिएको छैन । सेवाग्राहीमा के कस्ता आय आर्जन कार्यक्रम कहिले र कसले सञ्चालन गर्छन्, त्यसको जानकारी सेवाग्राहीमा नभएकाले कार्यक्रमलाई प्रभावकारी बनाउन सकिएको छैन । एकातिर सीमित स्रोत र साधनका कारण कार्यक्रम देशभरि वितरण र सञ्चालन गर्न सकिएको छैन भने अर्कोतिर लक्षित समूहमा यो कार्यक्रम पुऱ्याउन सकिएको छैन ।

### (२) **वैकल्पिक शैक्षिक कार्यक्रम**

वैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका लक्षित वर्ग विद्यालय छोडेका र कहिल्यै विद्यालयमा पाइलो नटेकेका बालबालिकाहरू हुन् । कमजोर आर्थिक अवस्था, काम गरेर जीवन निर्वाह गर्नु पर्ने र कठिन परिस्थितिमा जीवन गुजार्नु पर्ने बालबालिकाहरूसम्म वैकल्पिक शैक्षिक कार्यक्रमका सम्बन्धमा सूचना पुऱ्याउनु र उनीहरूलाई समेटेर शैक्षिक कार्यक्रममा समावेश गर्नु चुनौतीपूर्ण रहेको छ ।

पाठ्यक्रले तोकिएका सिकाइ उपलब्धि प्राप्त हुने र त्यसलाई व्यवहारमा प्रयोगमा ल्याउने गरी सिकारुलाई सिकाइ उपलब्धि हासिल गर्नु र उही तहका औपचारिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूले प्राप्त गर्ने बराबरको सिकाइ उपलब्धि प्राप्त हुने गरी शिक्षा प्रदान गर्ने चुनौती रहेको छ । वैकल्पिक शिक्षाको पाठ्यक्रम औपचारिक शिक्षाको पाठ्यक्रमलाई नै सङ्कुचन गरिएको हुनाले सिकारुको दैनिक जीवनसँग सम्बन्धित र स्थानीय विषय वस्तु समावेश गरेर पाठ्यक्रम निर्माण गरिएको पाइँदैन । किनकि कुनै एक स्थान विशेषको विषय वस्तु र सिकारुसँग सम्बन्धित विषय वस्तु पाठ्यक्रममा समावेश गर्दा अर्को स्थानको विषय वस्तुले स्थान नपाउन सक्छ । समय अनुसार पनि सिकारुका चाहना र आवश्यकता फरक फरक पर्ने भएकाले पनि ती विषय वस्तुहरूलाई समावेश गरी पाठ्यक्रम निर्माण गर्नु चुनौतीपूर्ण रहेको हुन्छ ।

वैकल्पिक शैक्षिक कार्यक्रमका लागि औपचारिक शिक्षाको जस्तै शिक्षण सिकाइका लागि आवश्यक सामग्रीयुक्त कक्षा कोठा नभएका कारण सिक्न सिकाउनका लागि उपयुक्त वातावरण छैन । वैकल्पिक शैक्षिक कार्यक्रमका सहभागीहरूको चेतनास्तर, अनुभव र शैक्षिक अवस्था फरक फरक भएका कारण सबैलाई एकै प्रकारको शिक्षण सिकाइ क्रियाकलापले शिक्षण गर्न र अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल गराउन चुनौतीपूर्ण रहेको छ । त्यतिमात्र नभएर वैकल्पिक शैक्षिक कार्यक्रमका सहभागीहरू औपचारिक शिक्षाका सहभागीहरू जस्तै गरी निश्चित समय र नियमित शिक्षण सिकाइमा सहभागी नहुने भएकाले शिक्षण सिकाइ प्रभावकारी बन्न सकेको छैन ।

वैकल्पिक शिक्षामा काम गर्ने सहजकर्ताहरू बाल सिकाइ मनोविज्ञानसँग परिचित भएका तर उनीहरूलाई प्रौढ सिकाइ सिद्धान्त (Andragogy) मा आधारित भई शिक्षण सिकाइ गर्न सक्ने गरी तयार गर्न सकिएको छैन र तदनुरूप सिकाइ उपलब्धि हासिल हुन सकेको छैन । आम मानिसहरूमा शिक्षा प्रदान गर्ने भनेको औपचारिक विद्यालय नै हो । औपचारिक विद्यालयभन्दा बाहिरकाले प्रदान गर्ने शिक्षाका सम्बन्धमा कम बुझाइका कारण वैकल्पिक शैक्षिक कार्यक्रमलाई दोस्रो दर्जाको अध्ययनका रूपमा हेरिने गरेको छ । सबैका साम् वैकल्पिक शिक्षा प्रणालीका सम्बन्धमा सूचना पुऱ्याउनु र यसलाई सर्वस्वीकार्य बनाउन समय लाग्ने देखिएको छ ।

## अनौपचारिक शिक्षाको भावी दिशा

### १. निरन्तर /साक्षरोत्तर शिक्षा

विद्यालय नटेकेका प्रौढ निरक्षर, विद्यालय बाहिर रहेका र विद्यालय छाडेका बालबालिका तथा युवा

समेत सबैलाई निरन्तर शिक्षा  कार्यक्रममा समेट्न अवसर उपलब्ध गराउनुपर्ने टड्कारो आवश्यकता रहेको छ । यसका लागि निरन्तर/साक्षरोत्तर शिक्षा कार्यक्रम सामुदायिक अध्ययन केन्द्र, विद्यालय, निजी क्षेत्र, सामाजिक तथा गैर सरकारी सङ्घ संस्थासँग साझेदारी र समन्वय गरी सञ्चालन गर्नुपर्छ ।

पाठ्यक्रममा तोकिएका सिकाइ उपलव्धि प्राप्त हुने र त्यसलाई व्यवहारमा प्रयोगमा ल्याउने गरी सिकारुलाई सिकाइ उपलब्धि हासिल गराउनुपर्ने छ । उपयुक्त पाठ्यक्रम, पाठय सामग्री, सन्दर्भ/पूरक सामग्री अभिमुखीकरण/प्रशिक्षण, सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन सामग्री आदिको विकास र कार्यान्वयन गर्नुपर्छ । उमेर समूह परिमार्जन गरी आधारभूत र माध्यमिक शिक्षाका कक्षा छाड्ने विद्यार्थीलाई समेटन सक्ने गरी उमेर समूहमा विविधता कायम गर्नु जरुरी छ । पर्याप्त लगानी गरी छरिएर  रहेका निरक्षर र नव साक्षरलाई निरन्तर/साक्षरोत्तर शिक्षामा आर्कषण गराउने कार्यक्रम समावेश गरी त्यसको प्रभावकारी कार्यान्वयन नै आजको आवश्यकता हो ।

निरन्तर/साक्षरोत्तर शिक्षा कार्यक्रमका लागि प्रयोग हुने पाठ्यक्रममा दैनिक जीवन र व्यावहारिक समस्याहरूसँग सम्बन्धित ज्ञान र सिपका विषय वस्तुहरू समावेश गर्नुपर्ने छ । त्यसैगरी सिकारुका लागि आवश्यक र विश्व बजारमा बिक्न आवश्यक ज्ञान र सिप भएका विषय वस्तु समावेश भएको पाठ्यक्रम, पाठ्य सामग्री र सन्दर्भ सामगीको विकास र प्रयोग आवश्यक रहेको छ । हाल देशका प्रायजसो मानिसको हातमा मोवाइल फोन र घर घरमा रेडियो, टेलिभिजन र कम्प्युटर समेत पुगेको अवस्था छ । यस्तो अवस्थामा आगामी दिनमा निरन्तर/साक्षरोत्तर शिक्षामा सूचना र प्रविधिको प्रयोग गर्ने वातावरण निर्माण गर्नुपर्छ ।

सामुदायिक अध्ययन केन्द्रलाई उत्कृष्ठ कार्य सम्पादन स्थल बनाई जनस्तरमा पहिचान स्थापित गराउनु आयश्यक छ  । यसलाई निरन्तर/साक्षरोत्तर शिक्षा केन्द्रको थलो बनाउनु आवश्यक छ । यसमा कार्यरत जनशक्तिलाई सशक्तीकरण गरी तिनीहरूको सक्षमता अभिवृद्धि गर्न स्रोत र साधनको पर्याप्त व्यवस्था गर्नु जरुरी छ । सामुदायिक अध्ययन केन्द्र देशभर आवश्यकतामा आधारित भई स्थापना गर्ने नीति अवलम्बन गर्ने र उपयुक्त ढङ्गले व्यवस्थापन नभएकालाई तत्काल खारेजीको व्यवस्था गर्नुपर्छ ।

आय आर्जन कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न सक्षम जनशक्ति आवश्यक पर्छ । सक्षम जनशक्ति भएका संस्थामार्फत ती कार्यक्रम सञ्चालन गरी कार्यक्रमको प्रभावकारिता बढाउनु आवश्यक छ । आय आर्जन कार्यक्रमलाई प्रभावकारी ढङगबाट सञ्चालन गर्न बालबालिका तथा महिला विकास कार्यालय, कृषि विकास कार्यालय र पशु विकास कार्यालयहरूसँग समन्वय र सहकार्य गर्न जरुरी छ किनकि ती कार्यालयसँग तालिम प्राप्त जनशक्ति छ । त्यसैले यी कार्यालयसँगको समन्वय र सहकार्यमा कार्य सञ्चालन गर्नु उपयुक्त हुन्छ । आय आर्जन कार्यक्रमको चेतना र जानकारी सेवाग्राहीमा पुऱ्याउनुपर्छ । सेवाग्राहीमा कस्ता आय आर्जन कार्यक्रम कहिले र कसले सञ्चालन गर्छन् त्यसको जानकारी उनीहरूलाई दिनुपर्छ । सीमित स्रोत र साधनका कारण देशभरि कार्यक्रम वितरण र सञ्चालन गर्न नसकिएकोले लक्षित समूह लाभान्वित हुने गरी यसको ढाँचामा परिवर्तन गर्नुपर्छ ।

## २. वैकल्पिक शैक्षिक कार्यक्रम

विद्यालय नगएका र गएर पनि विद्यालयबाट बाहिरिएका बालबालिकाहरूलाई र काम गर्दै अध्ययनलाई अगाडि बढाउन चाहने बालबालिकाहरूका लागि बैकल्पिक शैक्षिक प्रणाली अति आवश्यक हुन पुगेको छ । वैकल्पिक शैक्षिक पद्धतिबाट अध्ययन गरेकाहरूले पढाइका अतिरिक्त दैनिक जीवनका व्यवहारिक ज्ञान समेत प्राप्त गर्ने भएकाले वैकल्पिक शिक्षाका सहभागीहरूले सिकेको ज्ञान र सिप औपचारिक शिक्षा लिनेहरूको भन्दा गुणस्तरीय हुन्छ भन्ने मान्यता रहेको छ ।

वैकल्पिक शैक्षिक प्रणालीको महत्त्व र अपरिहार्यतालाई दृष्टिगत गरेर नेपालले यस प्रणालीको विकासमा थप प्रयास गर्नु जरुरी छ । बैकल्पिक शैक्षिक प्रणालीबाट अध्ययनलाई अगाडि बढाउन चाहनेहरूलाई शैक्षिक अवसर प्रदान गर्न सकिएन भने नेपालले सबैलाई आधारभूत शिक्षाको अवसर प्रदान गर्ने प्रतिबद्धता पुरा गर्न सक्ने अवस्था देखिँदैन । अहिलेकै अवस्थामा शिक्षा विभाग, शैक्षिक जनशक्ति विकार केन्द्र र अनौपचारिक शिक्षा केन्द्रबाट सञ्चालित कार्यक्रमलाई प्रभावकारी र जवाफदेही बनाउन एउटै निकाय (अशिके) बाट सञ्चालन गर्नु आवश्यक छ ।

वैकल्पिक शिक्षा पद्धतिलाई औपचारिक शिक्षाको समकक्षी शिक्षाका रूपमा विकास गर्नका लागि शिक्षा मन्त्रालयले एक राष्ट्रिय शिक्षा प्रारूप तयार गर्नुपर्दछ । त्यसमा औपचारिक शिक्षा, अनौपचारिक शिक्षा र व्यावसायिक शिक्षा गरी तिनओटै धारबाट समकक्षी शिक्षा प्राप्त गर्ने गरी व्यवस्था गरिनुपर्दछ । यसमा औपचारिक शिक्षाबाट अनौपचारिक वा व्यावसायिकतर्फ वा व्यावसायिक र अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षातर्फ जाने प्रावधान राखीनुपर्दछ । यसो भयो भने मात्र विद्यालयबाहिर रहेकाहरूले पनि शिक्षा प्राप्त गर्ने र विद्यालयबाट बाहिरिनाले पनि शिक्षाको अवसरबाट वञ्चित हुनुपर्ने छैन । अनौपचारिक शिक्षा पद्धतिका लागि सैद्धान्तिक र व्यावहारिक ज्ञान समावेश भएको छुट्टै पाठ्यक्रम विकास गरी प्रयोगमा ल्याइनु पर्दछ ।

व्यक्तिले अनौपचारिक र अरीतिक तवरले पनि आफूलाई आवश्यक पर्ने ज्ञान र सिप सिकेको हुन्छ । उदाहरणका लागि हाम्रा परम्परागत पेसाहरूका सम्बन्धमा आवश्यक ज्ञान र सिप व्यक्तिले परिवारका सदस्यहरूबाट सिकिरहेको हुन्छ तर उसले सिकेको त्यस प्रकारको ज्ञान र सिपलाई परीक्षण गरी त्यसलाई औपचारिक शिक्षाको मान्यता प्रदान गर्ने पद्धतिको विकास गर्नुपर्दछ । व्यक्तिले अनौपचारिक शिक्षाबाट सिकेको ज्ञान र सिपलाई औपचारिकता दिन र समकक्षता प्रदान गर्न थप ज्ञान र सिपको आवश्यकता पर्ने भएकाले छोटो अवधिका स्वाध्ययनका सामग्रीहरू विकास गरी कार्यान्वयनमा ल्याउनुपर्छ ।

हाल वैकल्पिक शैक्षिक कार्यक्रम अन्तरगत सञ्चालनमा रहेका शैक्षिक कार्यक्रमहरूमा प्रयोग गरिएको पाठ्यक्रम औपचारिक शिक्षाको पाठ्यक्रमलाई नै सङ्कुचन गरिएकाले यो बढी सैद्धान्तिक प्रकारको छ । यस पाठ्यक्रममा दैनिक जीवन र व्यावहारिक समस्याहरूसँग सम्बन्धित ज्ञान र सिपका विषय वस्तुहरूको अंश न्यून रहेको छ । त्यसकारण वैकल्पिक शैक्षिक कार्यक्रमका पाठ्यक्रमलाई परिमार्जन गरी सिकारु र विश्व बजारमा बिक्न आवश्यक ज्ञान र सिप भएका विषय वस्तु समावेश गर्न आवश्यक

छ ।

हाल सञ्चालनमा रहेका वैकल्पिक शैक्षिक कार्यक्रमहरूमा औपचारिक शिक्षामा कार्यरत जनशक्ति नै शिक्षण सिकाइ क्रियाकलापमा संलग्न भएको पाइन्छ । वैकल्पिक शैक्षिक कार्यक्रमका लागि छुट्टै जनशक्तिको विकास गरिएको छैन । कार्यरत जनशक्तिमध्ये पनि हाल सञ्चालनमा रहेका वैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका सहयोगी कार्यकर्ताहरूमध्ये ५० प्रतिशत एसएलसी र बाँकीले प्रमाणपत्र तह उत्तीर्ण गरेका छन् । तसर्थ कार्यरत जनशक्तिको योग्यता बढाउनेतर्फ पनि सोचाइ पुऱ्याउनु आवश्यक छ । तसर्थ वैकल्पिक शैक्षिक कार्यक्रमका लागि उपयुक्त जनशक्ति व्यवस्थापन र सो अनुरूप तालिमको व्यवस्थापन गरिनुपर्दछ । त्यसै गरी सिकारुको सिकाइ उपलब्धिको मूल्याङ्कन पद्धति पनि औपचारिक प्रकारको रहेको छ । यसलाई कार्यदक्षतासँग सम्बन्धित गरेर सिकाइ मूल्याङ्कन गर्ने गरिएको छैन । शिक्षण सिकाइ र मूल्याङ्कन पद्धतिका कारण नतिजा पनि अपेक्षित रूपमा प्राप्त हुन सकेको पाइदैन । यसर्थ सामयिक रूपले मूल्याङ्कन ढाँचा र आधारहरू विकास गरी कार्यान्वयनमा ल्याउनु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्री


Torres, R. M. (2002). Learning in North, Education for All in the South in C. Medel-Añonuevo (ED), integrating lifelong learning perspectives. (pp. 3-12). Hamburg: UNESCO Institute for Education. Retrieved from: www.unesco.org/education/uie/pdf/uiestud36.pdf

Torres, R. M. (2011). Lifelong learning: Moving beyond Education for All (EFA) in J. Yang and R. Valdés-Cotera (Eds.), Conceptual evolution and policy developments in lifelong learning (pp. 40-50). Hamburg: UNESCO Institute for Lifelong Learning. Retrieved from:http://www.deved.org/library/sites/default/files/library/192081e.pdf#page=58

Torres, R.M. (2006). Literacy and lifelong learning: The linkages. Retrieved from: http://www.adeanet.org/adeaPortal/adea/biennial 2006/doc/document/A5_1_torres_en.pdf

नेपालको अन्तरिम संविधान, २०६३, कानुन किताब व्यवस्था समिति, काठमाडौँ

तेरौं योजना (२०७०/७१-२०७२/७३) राष्ट्रिय योजना आयोग, काठमाडौँ

अनौपचारिक शिक्षा नीति, २०६३ अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर

साक्षर नेपाल अभियान अवधारणा पत्र (२०६९-०७२), अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर

अनौपचारिक शिक्षा तथा साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७१ अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर

प्रगति प्रतिवेदन, २०७१ अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर (अप्रकाशित)

नेपाल सरकारको बजेट वक्तव्य आ.व. २०७१/०७२, अर्थ मन्त्रालय